# भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका, २०७५

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति : २०७५।६।१५

## खण्ड-१

## प्रारम्भ

### १.१ संवैधानिक र कानुनी पक्ष

नेपालको संविधान (२०७२) बमोजिम नेपाल एक संघीय, गणतान्त्रिक र प्रजातान्त्रिक मुलुक भएको आधारमा संविधान अनुसार प्रशासनिक हिसाबले देशमा मूलतः तीन किसिमको संघीय संरचना, प्रादेशीक संरचना र स्थानीय संरचनाहरु रहेको छ । नेपालको संविधान (२०७२) र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (फ) अनुसार माङ्सेबुङ गाउँपालिका भित्रका भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्न गाउँ कार्यपालिकाको मिति २०७५।६।१५ गतेको बैठकले **भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन निर्देशिका, २०७५** स्वीकृत गरी लागु गरेको छ ।

#### १.१.१ संवैधानिक पक्ष

नेपालको संविधान (२०७२) ले नेपालको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने संवैधानिक व्यवस्था गरेको छ :

क) प्रस्तावना "वहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधता युक्त विशेषतालाई आतमसात् गरी विविभताबचिको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गदै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने संकल्प गर्दै;"

भाग ३ मौलिक हक र कर्तव्य,

धारा ३१.शिक्षा समबन्धि हक :

(५) "नेपालमा बसोवास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउँने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोलने र संचालन गर्ने हक हुनेछ ।"

धारा ३२.भाषा र संस्कृतिको हक :

(१) "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो प्रयोग गर्ने हक हुनेछ ।",

(२) "प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो समुदायको सांस्कृतिक जीवनमा सहभागी हुन पाउँने हक हुनेछ ।"

(३) "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता र समपदाको संवर्धन र संरक्षणको हक हुनेछ ।"

ख) भाग ४ राज्यको निर्देशक सिद्धान्त नीति तथा दायित्व

५१.राज्यका नीतिहरु : राज्यले देहायका नीतिहरु अवलमबन गर्नेछ :-

ग (७) "बहुभाषिक नीति अवलम्बन गर्ने ।"

ग) अनुसूची-८ स्थानीय तहको अधिकारको सूची

८. "आधारभुत र माध्यमिक शिक्षा"

#### १.१.२ कानुनी पक्ष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (फ) ले भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास गर्ने हक सम्बन्धित स्थानीय तहलाई दिएको छ :

११ (फ) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,

(३) परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,

(४) प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,

(५) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।

### १.३ मातृभाषा-सरकारी कामकाजि भाषा हुन सक्ने भाषिक आधारहरु

यस माङ्सेबुङ् गाउँपालिकाले आफ्नो गाउँपालिका भित्र बोलिने कुनै मातृभाषालाई सरकारी कामकाजी भाषा घोषणा गरेमा वा आफ्नो गाउँपालिकाको कुनै वडाले आफ्नो वडामा बोलिने कुनै मातृभाषालाई सरकारी कामकाजी भाषा घोषणा गर्ने वा घोषणा गरेको अवस्थामा निम्न भाषिक आधारहरुलाई आधार मान्नेछ :

१. वक्ताको सङ्ख्या

२. भाषिक पहिचान

३. लेखन प्रणाली

४. भाषाको स्तरीकरण

५. भाषाको सवीकार्यता

६. भाषाको इतिहास

## खण्ड-२
## परिभाषा र स्पष्टिकरण

### २.१ परिभाषा

१) 'निर्देशिका' भन्नाले माङ्सेबुङ् गाउँपालिकाले आफ्नो गाउँपालिकाको भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास कार्यान्वयन गर्न बनाएको निर्देशिका भन्ने बुझ्नु पर्दछ ।

२) 'मातृभाषा' भन्नाले माङ्सेबुङ् गाउँपालिकामा प्रयोग गरिने नेपाली भाषा बाहेकका माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र प्रयोग गरिने अन्य राष्ट्रभाषाहरु (जस्तै, किरात याक्थुङ्/लिम्बू भाषा, किरात बान्तवा भाषा, इत्यादि) भन्ने बुझ्नु पर्दछ ।

३) 'सम्बन्धित मातृभाषा र सो मातृभाषा प्रयोग गर्दा प्रयोग गरिने लिपि' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र प्रयोग गरिने नेपाली भाषा बाहेकका माङ्सेबुङ् गाउँपालिकामा प्रयोग गरिने अन्य राष्ट्रभाषाहरु (जस्तै, किरात याक्थुङ्/लिम्बू भाषा, किरात बान्तवा भाषा, इत्यादि) र सम्बन्धित मातृभाषा प्रयोग गर्दा प्रयोग गरिने लिपि (जस्तै, सिरिजङ्गा लिपि वा किरात लिपि, इत्यादि) भन्ने बुझ्नु पर्दछ ।

४) 'मातृभाषा शिक्षा' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र प्रयोग गरिने नेपाली भाषा बाहेकको अन्य राष्ट्रभाषाहरु ( जस्तै, किरात याक्थुङ्/लिम्बू भाषा, किरात बान्तवा भाषा, इत्यादि) भाषामा दिइने शिक्षा भन्ने बुझ्नु पर्दछ ।

५) 'मातृभाषा शिक्षक' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र प्रयोग गरिने नेपाली भाषा बाहेकको अन्य राष्ट्रभाषाहरु (जस्तै, किरात याक्थुङ्/लिम्बू भाषा, किरात बान्तवा भाषा, इत्यादि) अध्यापन गर्न नियुक्त शिक्षक भन्ने बुझ्नु पर्दछ ।

६) 'शसक्तिकृत भाषा' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र प्रयोग गरिने नेपाली भाषा बाहेकका अन्य मातृभाषाहरु (जस्तै, किरात याक्थुङ्/लिम्बू भाषा, किरात बान्तवा भाषा, इत्यादि) को अध्ययन गरेर सो शैक्षिक योग्यताबाट प्राप्त गर्न सकिने रोजगारी भन्ने बुझ्नु पर्दछ ।

७) 'मुन्धुम निसाम्हिम' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्रभित्र मुन्धुम पठनपाठन हुने शैक्षिक संस्था भन्ने बुझ्नु पर्दछ ।

८) 'याक्थुङ निच्छाम' भन्नाले माङ्सेबुङ् गाउँपालिका क्षेत्र भित्रको शैक्षिक संस्थाहरुमा विषयगत र माध्यमगत ढंगले किरांत लिम्बू मातृभाषा अध्ययन अध्यापन गरिने शैक्षिक संस्था भन्ने बुझ्नु पर्दछ ।

**२.२ स्पष्टिकरण**

माङ्सेबुङ् गाउँपालिकाले आफु भन्दा माथिल्लो निकायको निति निर्देशन पालना गर्नेछ ।

## खण्ड-३
## भाषा

**३.१ भाषिक निती**

१) मातृभाषिहरुलाई आफ्नो मातृभाषा र लिपिको प्रयोग गर्न उत्प्रेरित गर्ने ।

२) मातृभाषालाई शसक्तिकृत भाषा (Empowered Language) बनाइदै लगिने ।

३) मातृभाषामा आधारित विभिन्न उर्जाशिल कार्यक्रमहरु ल्याइने ।

४) भाषिक सद्भाव प्रवर्धन गर्ने ।

५) व्यक्ति, स्थान, योजना, कार्यक्रम, सञ्चार, चलचित्र, इत्यादिको नामाकरण मातृभाषामा गर्ने ।

६) कला, साहित्य, सञ्चार, चलचित्र, स्मारक इत्यादि मातृभाषामा रचना वा निर्माण गर्ने ।

७) मातृभाषामा भएका प्राचीन र वर्तमान अवस्थाका स्थान, स्मारक इत्यादि संरक्षण गर्ने ।

**३.२ मातृभाषा-सरकारी कामकाजि भाषा**

**३.२.१ भाषा र लिपि**

१) मातृभाषालाई सरकारी कामकाजी भाषाको रुपमा घोषणा गरी प्रयोग गरिएको अवस्थामा नेपाली भाषा साझा भाषा र सो भाषा लेखन प्रयोग गरिने देवनागरी लिपि साझा लिपि हुनेछ ।

२) मातृभाषालाई सरकारी कामकाजी भाषाको रुपमा घोषणा गरि प्रयोग गरिएको अवस्थामा सम्बन्धित मातृभाषा र सो भाषा लेखन प्रयोग गरिने लिपि प्रयोग हुनेछ ।

**३.२.२ मातृभाषा र सम्बन्धित भाषा लेखनमा प्रयोग गरिने लिपि**

संघीय र प्रादेशिक सरकारले प्रयोग गर्ने फारामहरु, नियम कानुनहरु, पत्रहरु, इत्यादि र माङ्सेबुङ् गाउँपालिकामा कुनै मातृभाषालाई सरकारी कामकाजी भाषाको रुपमा घोषणा गरी प्रयोग गरिएको अवस्थामो गाउँ कार्यपालिकाको कार्यालय लगायत माङ्सेबुङ् गाउँपालिका भित्रका सबै कार्यालयहरुमा र कुनै वडामा कुनै मातृभाषालाई सरकारी कामकाजी भाषाको रुपमा घोषणा गरि प्रयोग गरिएको अवस्थामा सो वडाको कार्यालय लगायत सम्बन्धित वडा भित्रका सबै कार्यालयहरुमा घोषित मातृभाषा र सो भाषा लेख्न प्रयोग गरिने लिपी प्रयोग गरिने छ ।

**३.२.४ भाषिक सहजिकरण केन्द्र**

माङ्सेबुङ् गाउँपालिकाले आफ्ना सेवाग्राहीहरुको भाषागत र लिपिगत समस्याहरुको सहजिकरण गर्न गाउँ कार्यपालिकाको कार्यालयमा/वडा कार्यालयमा भाषिक सहजिकरण केन्द्र स्थापना गर्नेछ । यसको लागि गाउँपालिकाले भाषिक सहजकर्ताको व्यवस्था गर्नेछ ।

**३.२.५ लेटरप्याड, फाराम लगायतका सामाग्रीको निर्माण र उपयोग**

माङ्सेबुङ् गाउँपालिकाले/वडाले आफ्नो सेवालाई थप व्यवस्थित गर्न सम्बन्धित मातृभाषा र सम्बन्धित लिपिमा लेटरप्याड, फाराम लगायतका सामाग्रीको निर्माण र उपयोग गर्न सक्नेछ ।

## खण्ड-४
## संस्कृति र ललितकला

### ४.१ पुरातत्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास

माङ्सेबुङ् गाउँपालिकाले गाउँपालिका भित्र रहेका पुरातत्विक स्थान वा प्राचीन स्मारक तथा संग्राहलयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास गर्न थप विनियम बनाइ लागु गर्न सक्नेछ ।

क फाल्गुनन्द जन्मस्थान

ख. वर्तमान गुरुको जन्मस्थल, माङसेबुङ २ डाडाँगाउँ, अगौटे बारी ।

ग. महागुरु फाल्गुनन्दको जन्मस्थल, माङसेबुङ २, डाँडा गाउँ ।

घ. महागुरु फाल्गुनन्दको कार्यक्षेत्र, चुक्चिनाम्बा ।

ङ. बर्तमान गुरुआमा पबित्राहाङमा साम्बाको जन्म स्थल, माङसेबुङ ३, उत्तरे ।

च. देउमाइ न.पा. वार्ड नं. ९ खत्रक्पा, लामपातेको रुखमा महागुरु फाल्गुनन्दको ज्ञान प्राप्त भएको भुमी ।

छ. बर्तमान गुरुको तपोभुमी माङसेबुङ ३ गुफाडाँडा ।

ज. बर्तमान गुरुको खास ज्ञान प्राप्त स्थल (ओडार) माइ न.पा. वडा नं. १ ।

झ. बर्तमान गुरुको मुल कार्यक्षेत्र, माङसेबुङ ५ लारुम्बा सुभाबारी ।

ञ. बर्तमान गुरुको बास्तबीक ज्ञान प्राप्तिस्थान, माङसेबुङ ६, माङमालुङ ।

ट. गजुरमुखीधाम ।

ढ. किरात माङहाङ माङ्खिम् माङसेबुङ ६ ,बाँझो गाउँ ।

ण. माङसेबुङ ६ माङमालुङ (थाला चेप्पा ) ।

त.अन्धाराजा दरबार, माङसेबुङ ४ ।

थ. कुसुण्डा राजाको गढी, माङसेबुङ ६ ।

द. पाङभोहाङ राजा गढी, माङसेबुङ ६ ।

ध. सुन्धवा (सुनखानी) माइ न.पा. वार्ड नं. १ ।

न. युम्फेङ ( नुनखानी), माङसेबुङ ६ ।

प. धन्दवा माइ न.पा. ।

फ.कपरसुका, माइ न.पा. ।

ब.मट्टिट्याउँ, माङसेबुङ ५ ।

भ.महाप्रभु ज्योतीनन्द जन्मस्थान, इलाम न.पा.पुवामझुवा, बेतेनी ।

म.महाप्रभु ज्योतिनन्दको कार्यक्षेत्र, माङसेबुङ २, माङमालुङ ।

### ४.२ परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन

माङ्सेबुङ् गाउँपालिकाले गाउँपालिका भित्र मनाइने परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्नेछ । यसको लागि थप विनियम बनाइ लागु गर्न सक्नेछ । यस्ता जात्रा तथा पर्वहरुमा :

क मुवेक्वा चासोक सेवा/चासोःक् तङ्नाम् ।

ख खिबेकवा याक्वा सेवा ।

ग फाल्गुनन्द जन्म जयन्ति ।

घ. बर्तमान किरात धर्म गुरु आत्मानन्द लिङदेन जन्मोत्सब ।

ङ.किरात धर्मगुरु आमा साँवा पबित्राहाङमा लिङदेन जन्मोत्सब ।

च साकेला / उधौली पर्ब

छ. भुजेली पर्ब ।

ज. गजुरमुखी मेला ।

झ.सहमाने मेला ।

ञ.फुलुङगि मेला ।

ट. ल्होछार/लोसार ।

ठ .कुसङ तङबे तङनाम/ कक्फेक्वा तङनाम ।

ड. दशै, तिहार ।

ढ.सिसेक्पा तङनाम ।

ण.बुद्ध जयन्ति ।

त. चाछुवा/ चावामाङ ।

थ.चासुवा ।

द.फोलस्यादर ।

ध. क्रिसमस ।

**४.३ प्रचलित कानून बिरुद्धका कुरीति तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य**

माङ्सेबुङ् गाउँपालिकाले गाउँपालिका भित्र रहेका छुवाछुत लगायतका प्रचलित कानून बिरुद्धका कुरीति तथा ुसंस्कार बिरुद्ध सामाजिक परिचालन सम्बन्धी सामाजिक अभियान परिचालन कार्य गर्नेछ । यसको लागि थप विनियम बनाइ लागु गर्न सक्नेछ ।

**४.४ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य ।**

माङ्सेबुङ् गाउँपालिकाले गाउँपालिका भित्र बोलिने भाषा, मनाइने संस्कृति र भएका ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य गर्नेछ । यसको लागि थप विनियम बनाइ लागु गर्न सक्नेछ ।

क थाक्चोखिजो

ख के कुजोक्

ग साकेला

घ माङ्लाङ्

ङ के लाङ

च.केइलाङ्

छ. या?लाङ

ज.हाक्पारे ख्याली ।

झ. ह्यारिछाम(बसेर गाइने दोहोरी जस्तो)

ञ. हुर्रा नाच

ट .मारुनी नाच

ठ.नुवाप्मा

ड.बालन /संगिनी

ढ. कदमफुङ

ण. तागा र मेख्लि

## खण्ड-५
## जनशक्ति व्यवस्थापन

### ५.१ मातृभाषामा संचालित विद्यालयहरुका शिक्षक तथा पारिश्रमिकको व्यवस्था

#### ५.१.१ शिक्षक व्यवस्था : शिक्षक राहात कोटा

माङ्सेबुङ् गाउँपालिकाले मातृभाषा शिक्षालाई व्यवस्थित बनाउन 'शिक्षक राहत कोटा' को व्यवस्था गरी चरणगत रुपमा वितरण गरी लागु गर्न सक्नेछ ।

### ५.२ मातृभाषा संचालित विद्यालय छनोटको आधारहरु

यस माङ्सेबुङ् गाउँपालिकाले आफ्नो गाउँपालिका भित्रको मातृभाषा शिक्षालाई व्यवस्थित बनाउन सर्बप्रथम बनाएको 'मातृभाषा राहत कोटा' प्राप्त गर्न विद्यालयहरुले निम्न शर्तहरु पूरा गरेको हुनुपर्दछ :

१) नेपाल सरकार द्वारा स्विकृत वा अनुमति प्राप्त विद्यालय हुनुपर्ने ।

२) सामुदायिक विद्यालय हुनुपर्ने छ ।

३) स्विकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक पठनपाठन भइरहेका सामुदायिक विद्यालय हुनुपर्ने छ ।

४) सम्बन्धित सामुदायिक विद्यालयहरुमा सम्बन्धित मातृभाषा पठनपाठन भएको र अनुगमन गर्दाको समयमा पनि सो विषयको अध्ययन अध्यापन भइरहेको हुनुपर्ने छ ।

५) अन्य कुरा जेसुकै कुरा लेखिएको भए पनि सामुदायिक विद्यालयको एउटा कक्षा वा सेक्सनमा सो कक्षा वा सेक्सनमा मौजुदा विद्यार्थी मध्ये मातृभाषि विद्यार्थी बाहुल्यताको आधारमा आधार कायम गर्नु पर्नेछ ।

### ५.३ मातृभाषा संचालित विद्यालयका शिक्षक छनोटको आधारहरु

माङ्सेबुङ् गाउँपालिकाले मातृभाषा शिक्षालाई व्यवस्थित बनाउन 'मातृभाषा राहत कोटा' को शिक्षकमा उमेदवार बन्न चाहनले निम्न शर्तहरु पूरा गरेको हुनुपर्दछ :

क. आधारभूत तह कक्षा (१-८) को लागि प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने छ ।

ख. मातृभाषा अध्यापन गराइरहेका कार्यरत शिक्षकहरुको हकमा माध्यमिक तह कक्षा (९-१२) को लागि पहिलो पटक स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने छ । तर यसपछिको हकमा भने मातृभाषा अध्यापन गराउँने शिक्षकहरुको शैक्षिक योग्यता प्रचलित शिक्षा ऐन तथा नियमावली बमोजिम न्युनतम शैक्षिक योग्यता हुनुपर्ने छ ।

ग. शैक्षिक योग्यताको अंगको रुपमा मातृभाषा अध्यापन गराउने शिक्षक बन्न चाहाने उमेद्वारले सम्बन्धित मातृभाषा र सो मातृभाषा प्रयोग गर्दा प्रयोग गरिने लिपिको पूर्ण ज्ञानसीप हुनुपर्ने छ ।

घ. शैक्षिक योग्यताको अंगको रुपमा मातृभाषा अध्यापन गराउने शिक्षक बन्न चाहाने उमेद्वारले सम्बन्धित मातृभाषा संग सम्बन्धित संस्कृतिको पूर्ण ज्ञानसीप हुनुपर्ने छ ।

नोट :१) आवश्यक शैक्षिक योग्यताको लागि औपचारिक शिक्षामा मातृभाषामा अध्ययन हुने व्यवस्था नभए सम्म सम्बन्धित मातृभाषाको शिक्षक बन्न मातृभाषामा नै शैक्षिक योग्यता हुनुपर्ने अनिवार्य भएको मानिने छैन ।

२) मातृभाषामा शिक्षण अध्यापन अनुमति-पत्र (Teaching Licence) को व्यवस्था नगरे सम्म अध्यापन अनुमति-पत्र अनिवार्य भएको मानिने छैन ।

३) माथिको बुँदा ५.२ र ५.३ मा उल्लेखित मातृभाषा संचालित विद्यालय छनौट र शिक्षक छनौटको आधारहरु नपुगेमा गाउँपालिकाले नगदै अनुदान दिन सक्नेछ ।

४) वर्षको १ अंकको दरले बढीमा १० वर्षको १० अंक शिक्षण अनुभव वापत अंक प्रदान गरिने छ ।

### ५.४ मातृभाषा संचालित विद्यालयका शिक्षक सङ्ख्या

१ आधारभूत तहमा कम्तिमा १ शिक्षक ।

२ माध्यमिक तहमा १ शिक्षक ।

नोट :-

क आधारभूत तह (कक्षा १-५) र आधारभूत तह (कक्षा १-८) को लागि समय र अवस्था अनुसार मिलान गर्न स्थानीय सरकार (गाउँपालिका) ले शिक्षक सङ्ख्या व्यवस्थापन गर्न सक्नेछ ।

ख माध्यमिक तह (कक्षा १-१०) र माध्यमिक तह (कक्षा ११-१२) को लागि समय र अवस्था अनुसार मिलान गर्न स्थानीय सरकार (गाउँपालिका)ले शिक्षक सङ्ख्या व्यवस्थापन गर्न सक्नेछ ।

**५.५ मातृभाषा शिक्षक छनौट पाठ्यक्रम**

नेपालको सन्दर्भमा मातृभाषा अध्यापन गर्ने शिक्षकहरुको औपचारिक व्यवस्थापन यस अघि नेपालमा नै भएको थिएन । यस माङ्सेबुङ् गाउँपालिकाले औपचारिक शिक्षामा मातृभाषि शिक्षालाई न्युनतम रुपमा भए पनि व्यवस्थित गर्ने प्रयासको थालनि गर्न सक्नेछ । यो सन्दर्भमा मातृभाषा अध्यापन गर्न चाहाने उमेद्वारहरुलाई निम्न तहगत/तह-कक्षागत पाठ्यक्रमको आधारमा मुल्याङ्कन गरिनेछ । मुल्याङ्कनको माध्यम सम्बन्धित भाषा र लिपि हुनुपर्ने छ ।

**४.५.१ आधारभूत तह (कक्षा १-५)**

(१) सैद्धान्तिक परीक्षा-१२५

क. लिखित परीक्षा - १००

अ) आधारभूत ज्ञानसीप ३०

१ पाठ्यक्रम ८

२ वालविज्ञान र शिक्षण ४

३ शिक्षण सामाग्री, शिक्षण विधि, शिक्षण योजना, शिक्षणमा प्रविधि ११

४ संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७०

१ सम्बन्धित तह/कक्षाको पाठ्यक्रममा आधारित विषयगत ज्ञानसीप ५०

२ शिक्षणमा प्रविधि २०

ख. मौखिक परीक्षा (अन्तबार्ता) : वर्ण/ध्वनि सम्बन्धी ज्ञान र अभिव्यक्ति सम्बन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परीक्षण - २५

स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उमेद्वार बन्ने कानुनी आधार र सुविधा उपलब्ध गराउँछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परमपरागत व्यवस्था यहाँ राखिएको छैन । समबन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउँदै पुरानो ज्ञान र सीपलाई सुधार वा परिस्कृत गरी प्रतिस्पर्धा-क्षमता (competency) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्धेश्य हो ।

**४.५.२ आधारभूत तह (कक्षा ६-८)**

(१) सैद्धान्तिक परीक्षा-१२५

क. लिखित परीक्षा - १००

अ) आधारभूत ज्ञानसीप ३०

१ पाठ्यक्रम ८

२ वालविज्ञान र शिक्षण ४

३ शिक्षण सामाग्री, शिक्षण विधि, शिक्षण योजना, शिक्षणमा प्रविधि ११

४ संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७०

१ सम्बन्धित तह/कक्षाको पाठ्यक्रममा आधारित विषयगत ज्ञानसीप ५०

२ शिक्षणमा प्रविधि  २०

ख. मौखिक परीक्षा (अन्तबार्ता) : वर्ण/ध्वनि सम्बन्धी ज्ञान, अभिव्यक्ति सम्बन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परिक्षण - २५

स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उमेद्वार बन्ने कानुनि आधार र सुविधा उपलब्ध गराउँछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परमपरागत व्यवस्था यहाँ राखिएको छैन । समबन्धित विषय र तह समानको ज्ञानसीप  समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउँदै पुरानो ज्ञान र सीपलाई सुधार वा परिस्कृत गरी प्रतिस्पर्धा-क्षमता (competency) लाई अरु सरह समान  राख्नु यसको मुख्य उद्धेश्य हो ।

**४.५.३ माध्यमिक तह (कक्षा ९-१०)**

(१) सैद्धान्तिक परीक्षा-१२५

क. लिखित परीक्षा - १००

अ) आधारभूत ज्ञानसीप ३०

१ पाठ्यक्रम ८

२ वालविज्ञान र शिक्षण ४

३ शिक्षण सामाग्री, शिक्षण विधि, शिक्षण योजना, शिक्षणमा प्रविधि ११

४ संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७०

१ सम्बन्धित तह/कक्षाको पाठ्यक्रममा आधारित विषयगत ज्ञानसीप ५०

२ शिक्षणमा प्रविधि  २०

ख. मौखिक परीक्षा (अन्तबार्ता) : वर्ण/ध्वनि सम्बन्धी ज्ञान, अभिव्यक्ति सम्बन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परिक्षण - २५

स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उमेद्वार बन्ने कानुनि आधार र सुविधा उपलब्ध गराउँछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने  परम्परागत व्यवस्था यहाँ राखिएको छैन । सम्बन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउँदै पुरानो ज्ञान र सीपलाई सुधार वा परिस्कृत गरी प्रतिस्पर्धा-क्षमता (competency) लाई अरु सरह समान  राख्नु यसको मुख्य उद्धेश्य हो ।

**४.५.४ माध्यमिक तह (कक्षा ११-१२)**

(१) सैद्धान्तिक परीक्षा-१२५

क. लिखित परीक्षा - १००

अ) आधारभूत ज्ञानसीप ३०

१ पाठ्यक्रम ८
२ वालविज्ञान र शिक्षण ४
३ शिक्षण सामाग्री, शिक्षण विधि, शिक्षण योजना, शिक्षणमा प्रविधि ११
४ संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७०
१ सम्बन्धित तह/कक्षाको पाठ्यक्रममा आधारित विषयगत ज्ञानसीप ५०
२ शिक्षणमा प्रविधि २०

ख. मौखिक परीक्षा (अन्तबार्ता) : वर्ण/ध्वनि सम्बन्धी ज्ञान, अभिव्यक्ति सम्बन्धी ज्ञानसीप २५

(२) प्रयोगात्मक परीक्षा : शिक्षण विधि परिक्षण - २५

स्पष्टिकरण : शैक्षिक योग्यताको कारण उमेद्वार बन्ने कानुनि आधार र सुविधा उपलब्ध गराउँछ । तर अन्तरवार्ता वा त्यस्तै अन्य प्रयोजनमा शैक्षिक योग्यता वापत अलगै अङ्क प्राप्त हुने परमपरागत व्यवस्था यहाँ राखिएको छैन । समबन्धित विषय र तह समानको ज्ञानसीप समय र परिस्थिति अनुसार पठन, बोध र खोजलाई बढाउँदै पुरानो ज्ञान र सीपलाई सुधार वा परिस्कृत गरी प्रतिस्पर्धा-क्षमता ( competency) लाई अरु सरह समान राख्नु यसको मुख्य उद्धेश्य हो ।

## ५ मातृभाषा शिक्षक नियुक्ति प्रक्रिया

बुँदा नं. ४.१.१ शिक्षक व्यवस्था : शिक्षक राहात कोटामा उल्लेख गरिएका विषय अनुसार मातृभाषा अध्यापन गर्न शिक्षक नियुक्ति गर्दा माङ्सेबुङ् गाउँपालिकाको प्रचलित शिक्षा नियमावलीले व्यवस्था गरे बमोजिम समिति गठन गर्नुपर्नेछ ।

## ६ मातृभाषा शिक्षकको उमेरको हद

भाषिक सहजकर्ता बन्न चाहने उमेदवारको उमेर हद शिक्षक नियुक्ति सम्बन्धि प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

## ७ मातृभाषा शिक्षकको सेवा र सुविधा

भाषिक सहजकर्ताको सेवा र सुविधा निम्न अनुसार हुनेछ :

१) मासिक तलब प्रचलित शिक्षा ऐन र नियमावली अनुसार र आधारभूत तह (हाल कक्षा १-५) का (प्रा.वि.) शिक्षकले पाउने तलब स्केल सरहको तलब स्केल मात्र र एक महिना बराबरको तलब स्केल बराबरको दशैं खर्च पाउनेछ ।

२) मासिक तलब प्रचलित शिक्षा ऐन र नियमावली अनुसार र आधारभूत तह (हाल कक्षा ६-८) को (नि.मा.) शिक्षकले पाउने तलब स्केल सरहको तलब स्केल मात्र र एक महिना बराबरको तलब स्केल बराबरको दशैं खर्च पाउनेछ ।

३) मासिक तलब प्रचलित शिक्षा ऐन र नियमावली अनुसार र आधारभूत तह (हाल कक्षा ९-१०) को (मा.वि.) शिक्षकले पाउने तलब स्केल सरहको तलब स्केल मात्र र एक महिना बराबरको तलब स्केल बराबरको दशैं खर्च पाउनेछ ।

४) मासिक तलब प्रचलित शिक्षा ऐन र नियमावली अनुसार र आधारभूत तह (हाल कक्षा ११-१२) को (उ.मा.वि.) शिक्षकले पाउने तलब स्केल सरहको तलब स्केल मात्र र एक महिना बराबरको तलब स्केल बराबरको दशैं खर्च पाउनेछ ।

५) विदा : प्रचलित शिक्षा ऐन र नियमावली अनुसार शिक्षकले पाउने विदा सरह हुनेछ ।

## ८. भाषिक सहजकर्ताको नियुक्ति (गाउँ कार्यपालिका कार्यालयको लागि)

### ८.१ भाषिक सहजकर्तामा हुनुपर्ने योग्यता

क. स्नातक तह वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने छ ।

ख. सम्बन्धित मातृभाषा प्रयोग गर्ने पूर्ण ज्ञानसीप हुनुपर्ने छ, उदाहरणको लागि किरांत लिम्बू भाषा र अंग्रेजी भाषा प्रयोग गर्ने पूर्ण ज्ञान हुनुपर्ने छ ।

ग. सम्बन्धित मातृभाषा प्रयोग गर्दा प्रयोग गरिने लिपिको पूर्ण ज्ञानसीप हुनुपर्ने छ । उदाहरणको लागि किरांत लिम्बू भाषा भए सो भाषाको लेखनमा प्रयोग गरिने किरांत लिपि/किरांत सिरिजङ्गा लिपि ।

घ. भाषिक सहजकर्ताले शैक्षिक योग्यताको अंगको रुपमा रहेको सम्बन्धित मातृभाषा संग सम्बन्धित संस्कृतिको पूर्ण ज्ञानसीप हुनुपर्ने छ ।

नोट : सम्बन्धित मातृभाषामा शैक्षिक योग्यता हुनेहरु र अंग्रेजी भाषामा समेत शैक्षिक योग्यता हुनेहरु लाई क्षमताको आधारमा प्राथमिकता मिलनेछ ।

### ८.२ भाषिक सहजकर्ता छनौट पाठ्यक्रम

नेपालको सन्दर्भमा भाषिक सहजकर्ता यस अघि नेपालमा नै भएको थिएन । यो सन्दर्भमा यस माङसेबुङ गाउँपालिकाले कुनै पनि मातृभाषालाई सरकारी कामकाजी भाषा घोषणा गरी कार्यान्वयन गरेको अवस्थामा भाषिक सहजकर्ता बन्न चाहने उमेद्वारहरुलाई निम्न पाठ्यक्रमको आधारमा मुल्याङ्कन गरिनेछ । मुल्याङ्कनको माध्यम सम्बन्धित मातृभाषा र लिपिका साथ अंग्रेजी भाषा हुनुपर्ने छ ।

### ८.२.१ पाठ्यक्रम

(१) <u>सैद्धान्तिक परीक्षा (लिखित) -१२५</u>

- क. लिखित परीक्षा - १००
  - अ) आधारभूत ज्ञानसीप २५
    - १. सम्बन्धित मातृभाषाको वर्ण परिचय ६
    - २. सम्बन्धित मातृभाषाको सङ्ख्याको ज्ञान ४
    - ३. सम्बन्धित मातृभाषामा आधारित बार, महिना, वर्ष, चाडपर्ब, सांस्कृतिक पक्षहरु ८
    - ४. संविधान, शिक्षा ऐन र नियमावली ७
  - आ) विषयगत ज्ञानसीप ७५
    - १. सम्बन्धित मातृभाषा र लिपिको इतिहास ५
    - २. सम्बन्धित मातृभाषिको ग्रन्थ (जस्तै किरात लिम्बूको मुन्धुम) १०
    - ३. फाराम, रसिद, प्रमाण-पत्र २५
      - क) लेटर प्याड (तोकिएको ढांचामा)
      - ख) जन्म दर्ता (तोकिएको ढांचामा)
      - ग) विवाह दर्ता (तोकिएको ढांचामा)
      - घ) मृत्यु दर्ता (तोकिएको ढांचामा)
      - ङ) नाता प्रमाणितको फाराम (तोकिएको ढांचामा)
      - च) मालपोत रसिद (तोकिएको ढांचामा)
      - छ) चार किल्ला प्रमाणित (तोकिएको ढांचामा)
      - ज) गाउँ कार्यपालिकामा प्रयोग गरिने तोकिएका अन्य रसिद र फारामहरु
    - ४. गाउँपालिकामा प्रयोग गरिने तोकिएका ढाँचाका निवेदन लेखन १०

५. व्यक्तिगत पत्र, शुभकामना पत्र, निम्तो पत्र, समवेदना पत्र १०

६. समस्या समाधान प्रश्न १५

ख. मौखिक परीक्षा (अन्तबार्ता) २५

१ व्यक्तित्व ५

२ श्रव्य क्षमता स्तर ५

३ तर्क क्षमता ५

४ स्पष्ट ध्वनि ५

५ सेवा प्रवाह क्षमता ५

(२) प्रयोगात्मक परीक्षा : सम्बन्धित मातृभाषाको प्रयोगमा प्रविधि - २५

सम्बन्धित मातृभाषा र लिपि एवं अंग्रेजी भाषामा समेतको टाइपिङ, फण्टहरुको प्रयोग र तोकिएका ढाँचाका फारामहरु, रसिदहरु, निवेदनहरु टाइप गर्न एवं भर्न ।

**८.२.१ परिक्षाको किसिम**

भाषिक सहजकर्ता छनौट परिक्षा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा हुनेछ ।

**९ भाषिक सहजकर्ता छनौट नियुक्ति प्रक्रिया**

गाउँपालिकामा रहने भाषिक सहजकर्ता छनौट तथा नियुक्ति माङसेबुङ गाउँपालिकामा करारमा प्राबिधिक कर्मचारीव्यबस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम हुनेछ ।

**१०. भाषिक सहजकर्ताको नियुक्ति (वडा कार्यालयको लागि)**

**१०.१ भाषिक सहजकर्तामा हुनुपर्ने योग्यता**

क. प्रविणता प्रमाणपत्र तह वा कक्षा १२ वा सो सरह उत्तिर्ण गरेको हुनुपर्ने छ ।

ख. सम्बन्धित मातृभाषा प्रयोग गर्ने पूर्ण ज्ञानसीप हुनुपर्ने छ । उदाहरणको लागि किरात लिम्बू भाषा ।

ग. सम्बन्धित मातृभाषा प्रयोग गर्दा प्रयोग गरिने लिपिको पूर्ण ज्ञानसीप हुनुपर्ने छ । उदाहरणको लागि किरांत लिम्बू भाषा भए सो भाषाको लेखनमा प्रयोग गरिने किरांत लिपि/किरांत सिरिजङ्गा लिपि ।

घ. भाषिक सहजकर्ताले शैक्षिक योग्यताको अंगको रुपमा रहेको सम्बन्धित मातृभाषा संग सम्बन्धित संस्कृतिको पूर्ण ज्ञान हुनुपर्ने छ ।

नोट : १) समबन्धित मातृभाषामा शैक्षिक योग्यता हुनेहरुलाई र अंग्रेजी विषयमा समेत ज्ञान भएकालाई क्षमताको आधारमा प्राथमिकता दिइनेछ ।

२) वर्षको १ अंकको दरले बढीमा १० वर्षको १० अंक कार्य अनुभव वापत अंक प्रदान गरिने छ ।

**१०.२ भाषिक सहजकर्ता छनोट पाठ्यक्रम**

नेपालको सन्दर्भमा भाषिक सहजकर्ता यस अघि नेपालमा नै भएको थिएन । यो सन्दर्भमा यस माङसेबुङ गाउंपालिकाको कुनै वडाले कुनै पनि मातृभाषालाई सरकारी कामकाजी भाषा घोषणा गरी कार्यान्वयन गरेको अवस्थामा भाषिक सहजकर्ता बन्न चाहने उमेद्वारहरुलाई निम्न पाठ्यक्रमको आधारमा मुल्याङ्कन गरिनेछ । मुल्याङ्कनको माध्यम सम्बन्धित मातृभाषा र लिपि एवं अंग्रेजी भाषा हुनुपर्ने छ ।

**१०.२.१ पाठ्यक्रम**

(१) सैद्धान्तिक परीक्षा -१२५

क. लिखित परीक्षा - १००

अ) आधारभूत ज्ञानसीप २५

१. सम्बन्धित मातृभाषाको वर्ण परिचय ६

२. सम्बन्धित मातृभाषाको सङ्ख्याको ज्ञान ४

३. सम्बन्धित मातृभाषामा आधारित बार, महिना, वर्ष, चाडपर्ब, सांस्कृतिक पक्षहरु ८

४. संविधान, शिक्षा ऐन र नियमावली ७

आ) विषयगत ज्ञानसीप ७५

१. सम्बन्धित मातृभाषा र लिपिको इतिहास ५

२. सम्बन्धित मातृभाषिको ग्रन्थ (जस्तै किरात लिम्बूको मुन्धुम) १०

३. फाराम, रसिद, प्रमाण-पत्र २५

क) लेटरप्याड (तोकिएको ढाचामा)

ख) जनम दर्ता (तोकिएको ढाचामा)

ग) विवाह दर्ता (तोकिएको ढाचामा)

घ) मृत्यु दर्ता (तोकिएको ढाचामा)

ङ) वडा कार्यालयमा प्रयोग गरिने तोकिएका अन्य रसिद र फारामहरु

४. वडा कार्यालयमा प्रयोग गरिने तोकिएका ढाँचाका निवेदन लेखन १०

५. वयक्तिगत पत्र, शुभकामना पत्र, निम्तो पत्र, समवेदना पत्र १०

६. समस्या समाधान प्रश्न १५

ख. मौखिक परीक्षा (अन्तबार्ता) २५

१ व्यक्तित्व ५

२ श्रव्य क्षमता स्तर ५

३ तर्क क्षमता ५

४ स्पष्ट ध्वनि ५

५ सेवा प्रवाह क्षमता ५

(२) प्रयोगात्मक परीक्षा : सम्बन्धित मातृभाषाको प्रयोगमा प्रविधि - २५

सम्बन्धित मातृभाषा र लिपिको टाइपिङ, फण्टहरुको प्रयोग र तोकिएका ढाँचाका फारामहरु, रसिदहरु, निवेदनहरु टाइप गर्न एवं भर्न ।

**१०.२.२ परिक्षाको किसिम**

भाषिक सहजकर्ता छनौट परिक्षा लिखित, मौखिक र प्रयोगात्मक परीक्षा हुनेछ ।

**११ भाषिक सहजकर्ता छनौट नियुक्ति प्रक्रिया**

वडा कार्यालयमा रहने भाषिक सहजकर्ता छनौट तथा नियुक्ति माङसेबुङ गाउँपालिकामा करारमा प्राबिधिक कर्मचारीव्यबस्थापन गर्ने सम्बन्धि कार्यबिधि, २०७५ बमोजिम हुनेछ ।

**१२ भाषिक सहजकर्ताको उमेरको हद**

भाषिक सहजकर्ता बन्न चाहने उमेदवारको उमेर पुरुषको हकमा १८ वर्ष पूरा भइ ३५ पुरा नभएको र महिलाको हकमा १८ बर्ष पुरा भई ४० बर्ष नभएको हुनुपर्नेछ ।

**१३ भाषिक सहजकर्ताको सेवा र सुविधा**

भाषिक सहजकताको सेवा र सुविधा निम्न अनुसार हुनेछ :

१) मासिक तलब खरिदारको तलब स्केल सरहको तलब स्केल मात्र र एक महिनाको तलब स्केल बराबरको दशैं खर्च पाउनेछ ।

२) तर गाउँ कार्यपालिकाको कार्यालयको लागि नियुक्त भाषिक सहजकर्तालाई भने नायब सुब्बा सो सरहको तलब स्केल र एक महिना बराबरको दशैं खर्च दिइनेछ ।

## खण्ड-५
## बाधा अडकाउ फुकाउन

संघीय सरकार वा प्रादेशिक सरकार द्वारा बनेका ऐन नियमहरु बाझिन गएमा बाझिएको हद सम्म संशोधन गरी बाधा अड्काउ फुकुवा गर्न सकिने छ ।

## अनुसूचीहरु
## अनुसूची-१

**मातृभाषा शिक्षक छनोट पाठ्यक्रममा आधारित प्रश्नको नमुना**

१ वस्तुगत प्रश्न (पूर्णाङ्क ३०)

क) प्रश्न सङ्ख्या = ३० ओटा

ख) प्रत्येक प्रश्नको पूर्णाङ्क = १ ओटा

ग) प्रत्येक प्रश्नको बैकल्पिक उत्तर = ४ ओटा

घ वस्तुगत प्रश्नको जम्मा समय = ५४ मिनेट ।

२ विषयगत प्रश्न (पूर्णाङ्क ७०)

क) प्रश्न सङ्ख्या = १० ओटा

ख) प्रत्येक प्रश्नको पूर्णाङ्क = ७ ओटा

ग) वस्तुगत प्रश्नको जम्मा समय = २ घण्टा ०६ मिनेट ।

३ मौखिक परिक्षा(अन्तवार्ता)को प्रश्न (पूर्णाङ्क २५)

क) वर्ण/ध्वनि सम्बन्धी प्रश्न-पूर्णाङ्क ५

ख) अभिव्यक्ति क्षमता सम्बन्धी प्रश्न-पूर्णाङ्क २०

१. विद्यालय प्रशमसन सम्बन्धी प्रश्न-पूर्णाङ्क ५

२. विद्यालय व्यवस्थापन सम्बन्धी प्रश्न-पूर्णाङ्क ५

३. समस्या समाधान सम्बन्धी प्रश्न-पूर्णाङ्क ५

४. व्यक्तित्व (वैयत्तिक विशेषता) -पूर्णाङ्क ५

४ प्रयोगात्मक परिक्षा (पूर्णाङ्क २५)

क पाठयोजना निर्माण वापत-पूर्णाङ्क १२

१ पाठयोजनाका मूल ढाँचा/अंगहरु

- विशिष्ट उद्धेश्य
- शिक्षण सामाग्रीहरु
- शिक्षण-सिकाइ क्रियाकलाप
- मूलङ्कन
- गृहकार्य

२ पाठयोजना निर्माण गर्ने समय ३० मिनेट

३ शिक्षण सामाग्री निर्माण गर्ने समय १० मिनेट

४ शिक्षण सामाग्री निर्माण भएको लगत्तै शिक्षणको प्रस्तुति सुरु हुनेछ ।

ख प्रस्तुति-पूर्णाङ्क १३

शिक्षणको प्रस्तुतिलाई मूल्याङ्कन गर्ने मुख्य आधारहरु :

१ पाठको प्रारम्भ-२

२ शैक्षिक सामागीहरुको प्रयोगको उपयुक्तता-२

३ शिक्षण विधिको प्रयोगको उपयुक्तता-२

५ शिक्षणमा विद्यार्थीको आकर्षण-२

६ शिक्षणमा मुल्याङ्कन भएनभएको-२

७ शैली र स्पष्टता-१

नोट :१)प्रयोगात्मक परिक्षाको लागि छुट्टै मिति र कार्यक्रम निर्धारण गरिन्छ, जस अनुसार प्रयोगात्मक परिक्षा सुरु भएपछि मात्र पाठयोजनाको लागि पाठको नाम दिइन्छ, पाठयोजना निर्माणको लागि समय छुट्याइन्छ । सामान्य रुपले बन्न सक्ने शैक्षिक सामाग्रीहरु मात्र निश्चित समय छुट्याइन्छ, तर फलाटीन पाटी, गोजीतालिका, सम्बन्धीत तह र कक्षाको समबन्धीत विषयको लाागि आवश्यक पर्ने चित्र वा डायग्रामको चित्र कोरेर वा ल्यापटपमा संकलन गरेर ल्याउँन सकिनेछ, ल्यापटप, प्रोजेक्टर र सम्बन्धीत पाठको लागि आवस्यक सामाग्रीहरु प्रयोगात्मक परिक्षाको दिन ल्याउँन पाइनेछ, तर पाठयोजना निर्माणे गर्दा कपी र कलम बाहेक परीक्षार्थी संग परीक्षालाई प्रभाव पुऱ्याउने कुनै पनि सामाग्रीहरु आफुसंग राख्न सख्त बन्देज गरिन्छ ।

२) यो मातृभाषा शिक्षक छनोट पाठ्यक्रममा आधारित प्रश्नको नमुनालाई तहगत/कक्षागत पाठ्यक्रमको भिन्नताको आधारमा आधारभूत तह (कक्षा १-५), आधारभूत तह (कक्षा ६-८), माध्यमिक तह (कक्षा ९-१०),माध्यमिक तह (कक्षा ११-१२) को लागि प्रयोग गर्न सकिन्छ ।

३) सबै खाले प्रश्न निर्माणमा भाषा र लिपि सम्बन्धीत मातृभाषा र लिपिको प्रयोग हुनुपर्दछ ।

## अनुसूची-२

## लेटरप्याड, फाराम लगायतका सामाग्रीका

१ लेटरप्याड (तोकिएको ढांचामा)
२ जन्म दर्ता (तोकिएको ढांचामा)
३ विवाह दर्ता (तोकिएको ढांचामा)
४ मृत्यु दर्ता (तोकिएको ढांचामा
५ नाता प्रमाणितको फाराम (तोकिएको ढांचामा)
६.मालपोत रसिद (तोकिएको ढांचामा)
७.चार किल्ला प्रमाणित (तोकिएको ढांचामा)
८.नेमप्लेट ।
९.कार्यालयको बोर्ड । इत्यादी

## अनुसूची-३

## भाषिक सहजकर्ता छनौट पाठ्यक्रममा आधारित प्रश्नको नमुना

१ वस्तुगत प्रश्न (पूर्णाङ्क २५)

क) प्रश्न सङ्ख्या = २५ ओटा

ख) प्रत्येक प्रश्नको पूर्णाङ्क = १ ओटा

ग) प्रत्येक प्रश्नको बैकल्पिक उत्तर = ४ ओटा

घ वस्तुगत प्रश्नको जम्मा समय = ४५ मिनेट ।

२ विषयगत प्रश्न (पूर्णाङ्क ७५)

क) प्रश्न सङ्ख्या = १५ ओटा

ख) प्रत्येक प्रश्नको पूर्णाङ्क = ५ ओटा

ग) वस्तुगत प्रश्नको जम्मा समय = २ घण्टा १५ मिनेट ।

३ मौखिक परिक्षा (अन्तवार्ता) को प्रश्न (पूर्णाङ्क २५)
१ व्यक्तित्व ५
२ श्रव्य क्षमता स्तर ५
३ तर्क क्षमता ५
४ स्पष्ट ध्वनि ५
५ सेवा प्रवाह क्षमता ५

४ प्रयोगात्मक परिक्षा (पूर्णाङ्क २५)
सम्बन्धित मातृभाषा र लिपिको टाइपिङ, फण्टहरुको प्रयोग र तोकिएका ढाँचाका फारामहरु, रसिदहरु, निवेदनहरु टाइप गर्न एवं भर्न ।

नोट :१) प्रयोगात्मक परिक्षाको लागि छुट्टै मिति र कार्यक्रम निर्धारण गरिन्छ ।

३) सबै खाले प्रश्न निर्माणमा भाषा र लिपि सम्बन्धीत मातृभाषा र लिपिको प्रयोग हुनुको साथै अंग्रेजी भाषा समेत प्रयोग हुनेछ ।